# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## टोखा नगरपालिका, काठमाण्डौ




आर्थिक बर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय
काठमाण्डौ,नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
## बागमती र गण्डकी

पत्र सख्या : २०७८।७९
च.नं.: मितिः२०७८।५।४

श्री नगर प्रमुखज्यू
टोखा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
मैजुहीटी, काठमाण्डौ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्नसक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते महालेखापरीक

बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८।७९

च.नं.: मितिः२०७८।०५।०४

श्री नगरप्रमूखज्यू,
टोखा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मैजुहिटी, काठमाण्डौ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले टोखा नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ८ करोड ४९ लाख ७५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६८ लाख ९० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड ८२ लाख ९० हजार नियमित गर्नुपर्ने रु. ४ करोड ९१ लाख ९७ हजार, पेश्की बाँकी रु. ५ लाख ९८ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।३।३१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ४१ यसैसाथ संलग्न छ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ ।नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले टोखा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ६० सभा सदस्य, १६.९ वर्ग किलोमिटर क्षेत्रफल तथा ९९ हजार ३२ जना जनसंख्या रहेको छ ।

## स्थानीय सञ्चितकोषः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७६/७७ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| | | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| **प्राप्ति (क+ख)** | | ११७१५४६९९५ | ११२४७९१५५६.९४ | | ११२४७९१५५६.९४ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ९७७७६७००० | ९३९१७६५७९.७० | | ९३९१७६५७९.७० |
| ११००० कर | ११ | ४३५११२९०० | ४५६६६८८७६६.०७ | | ४५६६६८८७६६.०७ |
| १३००० अनुदान | | ४३१६१९००० | ४०४२५८३०५.६६ | | ४०४२५८३०५.६६ |
| संघीय सरकार | १२ | ३९८३१७००० | ३८७०१६९२०.६६ | | ३८७०१६९२०.६६ |
| प्रदेश सरकार | १२ | २३३०२००० | १७२४१३८५ | | १७२४१३८५ |
| स्थानिय तह | १२ | १०००००००० | ० | | ० |
| १४००० अन्य राजस्व | | १११०३५१०० | ७५५००६७७.६४ | | ७५५००६७७.६४ |
| ख. अन्य प्राप्ति | | १९३७७९९९५ | १८५६१४९७७.२४ | | १८५६१४९७७.२४ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | | ० |
| कोषहरु | | ३०६९९९९५ | ५९०२४६५८ | | ५९०२४६५८ |
| धरौटी | | ० | ४८९८०० | | ४८९८०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १६३०८०००० | १२६१००५१९.२४ | | १२६१००५१९.२४ |
| भुक्तानी (ग+घ) | | १५९९८१०२७८.०३ | ८६४००९४५२.९९ | | ८६४००९४५२.९९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १४०६०३०२८३.०३ | ७०९५२७११०.१६ | | ७०९५२७११०.१६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७१७२१००० | १५१६४८५५९.१७ | | १५१६४८५५९.१७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २१२०९४५९३.०३ | १०७७३३१४२.२६ | | १०७७३३१४२.२६ |
| २५००० सहयाता | १८ | ५७१०४०० | ५००१९३८ | | ५००१९३८ |
| २६००० अनुदान | १८ | १३५३२००० | १०९७९८१७ | | १०९७९८१७ |
| २७००० सामाजिक सुरक्षा | १८ | २९९०४६०० | २६११००४२ | | २६११००४२ |
| २८००० अन्य खर्च | १८ | ६२४०००० | १९९८१०५ | | १९९८१०५ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ९६६८२७६९० | ४०६०५५५०६.७३ | | ४०६०५५५०६.७३ |
| घ. अन्य भूक्तानी | | १९३७७९९९५ | १५४४८२३४२.८३ | | १५४४८२३४२.८३ |
| कोषहरु | | ३०६९९९९५ | २६९४४०८२ | | २६९४४०८२ |
| धरौटी | | ० | १६१५८७२ | | १६१५८७२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १६३०८०००० | १२६१००५१९.२४ | | १२६१००५१९.२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | ० | (१७८१३०.४१) | | (१७८१३०.४१) |
| ङ. यो वर्षको बचत (न्युन) | | (४२८२६३२८३.०३) | २६०७८२१०३.९५ | | २६०७८२१०३.९५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४२३१०५६९३.०३ | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४२८२६३२८३.०३) | ६८३८८७७९६.९८ | | |

कार्यालयको नाम : टोखा नगरपालिका आ.व. २०७६।७७

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **दाखिलाः** पुजीगत तर्फको दाजुभाई टोलमा सडक स्तरोन्नति योजनामा बढी भुक्तानी भएको रु २८२०० र दुर्पना निर्माण सेवा लाई बढी भुक्तानी भएको रु १५००० समेत रु ४३२०० लेखापरीक्षणको क्रममा असुल भई दाखिला भएको छ | |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ४२७५६२७३१।०३ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.४२३१०५६९३।०३ जिम्मेवारी सारेको देखियो । कर्मचारी कल्याणकोषमा मौज्दात रकम सुत्रमा समावेश नभएकोले फरक परेकोमा २०७७।७८ मा सुत्रमा आवद्ध गरिएको पालिकाले जनाएको छ । | |
| ३. | **चालु वर्षको बचतः** नगरपालिकाको वित्तिय विवरणमा चालु बर्षको बचत रु २२६९२०६३९.२१ देखिन्छ भने सोहि बित्तिय विवरणको अनुसूचि १० ले रु २२९६४९४६९.५४ देखाई रु २७२८८३०.३३ फरक परेको छ । वित्तिय विवरण र अनुसूचिले चालु आ.व को बचत फरक देखाएको सम्वन्धमा प्रदेश सरकारबाट सवारी साधन कर बापत संचित कोषमा गो.भा.नं २४४- २०७७।३।३१ मा आम्दानी बाँधेको रकम अनूसूचिमा जोडिएर आएको तर आयव्यय विवरणमा आम्दानी नदेखिएकोले फरक परेको कार्यालयको भनाई रहेको छ । | |
| ४. | **करदाताको अभिलेखः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५५ देखि ६२ सम्म स्थानिय तहले आफ्नो क्षेत्र भित्रको घर जग्गामा सम्पत्ती कर, जग्गा उपयोगमा भुमिकर(मालपोत) कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना, जग्गा वा पोखरी बहाल दिएमा वहाल कर लगायत बहाल विटौरी शुल्क, पार्किङ शुल्क, जडिवुटी, कवाडी र जिवजन्तु कर, सेवा शुल्क आदी लगाउन सक्ने व्यवस्था छ । सोहि व्यवस्था बमोजिम आर्थिक वर्ष २०७६/७७ मा नगरसभाले पारित गरेको निति तथा कार्यक्रमको बुँदा नं २१४ मा कर दाताको अभिलेख व्यवस्थित बनाईने बुँदा नं २२० मा नगरपालिकाले प्रवाह गर्ने सेवासंग करको आवद्धता गर्ने गरी सम्पत्ती कर, वहाल कर, | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>व्यवसाय कर र विज्ञापन करलाई एकिकृत रुपमा आबद्ध गरी करको दायरा विस्तार गरी टोखा नगर कर अभियान बर्ष बनाईने उल्लेख भएतापनि सम्वन्धित वडा कार्यालयबाट आफ्नो वडाभित्रका करदाताको अभिलेख व्यवस्थित रुपमा राखेको तथा ठुला करदातालाई करको दायरामा ल्याई कर असुल गरेको देखिएन । केहि उदाहरणहरु निम्न छनः
<table>
<tr><th>सि.नं</th><th>नाम</th><th>ठेगाना</th></tr>
<tr><td>१</td><td>ग्राण्डि भिल्ला</td><td>वडा न ३</td></tr>
<tr><td>२</td><td>देउराली जनता फर्मासिटिकल</td><td>वडा नं ४</td></tr>
<tr><td>३</td><td>इसान हस्पिटल</td><td>वडा नं ५</td></tr>
<tr><td>४</td><td>साहन्सा होटल</td><td>वडा नं ७</td></tr>
<tr><td>५</td><td>ग्राण्डी हस्पिटल</td><td>वडा नं ८</td></tr>
<tr><td>६</td><td>अल नेपाल हस्पिटल</td><td>वडा नं ११</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।</li>
<li>पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।</li>
<li>पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।</li>
<li>कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।</li>
<li>राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।</li>
<li>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।</li>
<li>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।</li>
<li>दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।</li>
<li>पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।</li>
<li>वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।</li>
</ul>
</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ बमोजिम पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ २६ र प्रशासनिकतर्फ ४८ समेत ७४ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः १९ र ४७ पदपूर्ती भई प्राविधिक तर्फ ७ जना र प्रसाशन तर्फ १ जना रिक्त रहेको छ । प्राविधिक कर्मचारी रिक्त भएका कारण सेवा प्रवाहमा असर परेको छ ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. ३४५१०७७१। खर्च लेखेको पाईयो । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | • **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ६. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष र उप प्रमुख श्री ज्ञान माया डंगोलले २०७६।३।१० गते रु १ अरव २९ करोड ५८ लाख ९७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष नगर प्रमुखको सिफारिसमा संचालन हुने पूर्वाधार विकासतर्फका विभिन्न योजना तथा कार्यक्रममा खर्च गर्ने गरी रु १ करोड अबण्डा राखेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । आकस्मिक रुपमा गर्नु पर्ने कार्य गरी नागरीकमैत्री सेवा प्रवाह गर्न केहि रकम अवण्डा राखिएको नगर प्रमुखले जानकारी गराउनु भएको छ । | |
| ८. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको पुजिगत खर्चको चौमासिक विवरण अनुसार प्रथम चौमासिकमा ७.७२ प्रतिशत, दोश्रो चौमासिकमा ३१.८९ प्रतिशत, तेश्रो चौमासिकमा ६०.३९ प्रतिशत र असारमा मात्र ४६.७८ प्रतिशत खर्च गरेको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| विभिन्न | ४०५०६१ | ३१२८७ | १२९१६७ | २४४६०७ | १८९५०० |
| खर्च प्रतिशत | १०० | ७.७२ | ३१.८९ | ६०.३९ | ४६.७८ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९. | **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १४२६५ | ८३५५ | १.१८ |
| सामाजिक क्षेत्र | ४०८७९० | २५८९१९ | ३६.४८ |
| पूर्वाधार विकास क्षेत्र | ७६८२५२ | ३०८२६६ | ४३.४४ |
| वित्तीय व्यवस्थापन र सुशासन | २५९७७ | ६६५३ | ०.९४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १८८७४५ | १२७४३५ | १७.९६ |
| **जम्मा** | **१४०६०२९** | **७०९६२८** | **१००** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः | |
| ९.१. | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १६७९३५६६३। राजस्व बाँडफाँड र अनुदानबाट रु ७६८५१२०८६। समेत रु ९३६४४७७४९। आम्दानी भएकोमा चालु तर्फ रु ३०३४७१६०३। र पूँजिगत तर्फ रु ४०६०५५५०७। समेत रु ७०९५२७११०। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २३.६७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १०९६८५००। खर्च भएको छ जुन आन्तरिक आयको ६.५३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४२.७७ प्रतिशत चालु र ५७.२३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १०. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १३ पदमा ४८ जना कर्मचारीहरु करारमा राखी रु १५५१७८७०। खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न १० पदमा २७ जना करार नियुक्ति गरी बर्षभरीमा रु ९०८२३५०। भुक्तानी गरेको छ । | |
| ११. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु ३० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिएन । | |
| १२. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रकृतिका आधारमा विबाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १३ र यो बर्ष थप भएको ३९ गरी कुल ५२ विवाद दर्ता भएकोमा २७ वटा मात्र फछ्यौंट भई २५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।न्यायिक समितिले मेलमिलापलाई नै प्राथमिकता दिने गरेको र मेलमिलापमा समय बढि लाग्ने भएको कारण केहि ढिलाई भएको नगर उपप्रमुखले जानकारी गराउनु भएको छ । | |
| १३. | **पदाधिकारी सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार बागमती प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ बैशाख ३ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन ।तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा २०७६ श्रावण देखि आश्विन सम्मको निम्नानुसार रु १८५४०००। खर्च लेखेको देखिन्छ । | |

| बिवरण | प्रमुख | उप प्रमुख | वडा अध्यक्ष ११ जना | कार्यपालिका सदश्य ८ जना | सभाका सदस्य ३९ जना | वार्षिक सुविधा |
|---|---|---|---|---|---|---|
| मासिक पारिश्रमिक (श्रावण-आश्विन) | १०५००० | ९०००० | ६९३००० | २६४००० | ७०२००० | १८५४००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १४. | **पदाधिकारी थप सुविधा** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ क मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले पदाधिकारी, सदस्य तथा सभाका सदस्यको लागि कुनै सुविधा निर्धारण गर्नुपर्दा यस ऐनमा तोकीएको सुविधालाई अधिकतम् मानेर आफ्नो अधिकार क्षेत्र भित्र रहेर आर्थिक स्रोत तथा क्षमताका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ । जसअनुसार पदाधिकारीहरुलाई चाँडवाड खर्च र पोशाक वापतको रकम भुक्तानी दिन मिल्ने देखिदैन । नगरपालिकाले पाँचौ नगर सभाबाट निर्णय गरी भौचर नं ६७ मिती २०७६।६।५ बाट पदाधिकारीहरुलाई देहाय अनुसार चाडवाड खर्च बापत रु ६१८०००। र भौ नं ४०२ मिति २०७७।२।१८ बाट पदाधिकारी पोशाक वापत रु ६०००००। समेत जम्मा रु १२१८०००। खर्च लेखेको छ । ड्रेसकोड निर्धारण नगरी पोशाक खर्च दिन नमिल्ने र चाँडबाड खर्च कानूनमा व्यवस्था नभएकोले भुक्तानी भएको रकम सम्वन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने देखिन्छ ।रु. | १२१८०००।०० |

| सि.नं | पदाधिकारी | चाडवाड खर्च | पोशाक | जम्मा भुक्तानी |
|---|---|---|---|---|
| १ | नगर प्रमुख श्री प्रकाश अधिकारी | ३५००० | १०००० | ४५००० |
| २ | उपप्रमुख श्री ज्ञानमाया डंगोल | ३०००० | १०००० | ४०००० |
| ३ | वडा अध्यक्ष श्री श्रीकृष्ण अधिकारी | २१००० | १०००० | ३१००० |
| ४ | वडा अध्यक्ष श्री दिपकराज जोशी | २१००० | १०००० | ३१००० |
| ५ | वडा अध्यक्ष श्री सिंहराज श्रेष्ठ | २१००० | १०००० | ३१००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | ६ | वडा अध्यक्ष श्री धर्मेन्द्र श्रेष्ठ | २१००० | १०००० | ३१००० | |
| | ७ | वडा अध्यक्ष श्री जगन्नाथ ढकाल | २१००० | १०००० | ३१००० | |
| | ८ | वडा अध्यक्ष श्री महेश्वर के.सी | २१००० | १०००० | ३१००० | |
| | ९ | वडा अध्यक्ष श्री नरोत्तम राना | २१००० | १०००० | ३१००० | |
| | १० | वडा अध्यक्ष श्री केशव व खत्री | २१००० | १०००० | ३१००० | |
| | ११ | वडा अध्यक्ष श्री जोग प्रसाद नेपाल | २१००० | १०००० | ३१००० | |
| | १२ | वडा अध्यक्ष श्री मधुसुदन पाण्डे | २१००० | १०००० | ३१००० | |
| | १३ | वडा अध्यक्ष श्री उत्तम अधिकारी | २१००० | १०००० | ३१००० | |
| | १४ | न.का.स श्री पार्वती अधिकारी | ११००० | १०००० | २१००० | |
| | १५ | न.का.स श्री कल्पना घिमिरे | ११००० | १०००० | २१००० | |
| | १६ | न.का.स श्री जगतमाया महर्जन | ११००० | १०००० | २१००० | |
| | १७ | न.का.स श्री उर्मिला वि क | ११००० | १०००० | २१००० | |
| | १८ | न.का.स श्री शोभा तामाङ | ११००० | १०००० | २१००० | |
| | १९ | न.का.स श्री लिला भुजेल | ११००० | १०००० | २१००० | |
| | २० | न.का.स श्री संजिव सुनुवार | ११००० | १०००० | २१००० | |
| | २१ | न.का.स श्री बच्चु बस्याल | ११००० | १०००० | २१००० | |
| | २२ | सदश्य श्री कविता गौतम दुलाल | ६००० | १०००० | १६००० | |
| | २३ | सदश्य श्री सुनिता श्रेष्ठ परियार | ६००० | १०००० | १६००० | |
| | २४ | सदश्य श्री बुलाल महर्जन | ६००० | १०००० | १६००० | |
| | २५ | सदश्य श्री सुर्य बहादुर तामाङ | ६००० | १०००० | १६००० | |
| | २६ | सदश्य श्री पञ्च कुमारी श्रेष्ठ | ६००० | १०००० | १६००० | |
| | २७ | सदश्य श्री प्रतिमा हिङमाङ | ६००० | १०००० | १६००० | |
| | २८ | सदश्य श्री प्रेम कृष्ण खडगी | ६००० | १०००० | १६००० | |
| | २९ | सदश्य श्री हेर काजी महर्जन | ६००० | १०००० | १६००० | |
| | ३० | सदश्य श्री सर्जना आचार्य | ६००० | १०००० | १६००० | |
| | ३१ | सदश्य श्री राममाया नेपाली | ६००० | १०००० | १६००० | |
| | ३२ | सदश्य श्री मुकुन्दराज कुंवर | ६००० | १०००० | १६००० | |
| | ३३ | सदश्य श्री हरिमान श्रेष्ठ | ६००० | १०००० | १६००० | |
| | ३४ | सदश्य श्री बवि नगर्जी | ६००० | १०००० | १६००० | |
| | ३५ | सदश्य श्री मधुकर बस्नेत | ६००० | १०००० | १६००० | |
| | ३६ | सदश्य श्री राम बहादुर ठकुरी | ६००० | १०००० | १६००० | |
| | ३७ | सदश्य श्री आशा दमिनि | ६००० | १०००० | १६००० | |
| | ३८ | सदश्य श्री चिरञ्जिवि के.सी | ६००० | १०००० | १६००० | |
| | ३९ | सदश्य श्री रत्नमान श्रेष्ठ | ६००० | १०००० | १६००० | |
| | ४० | सदश्य श्री शान्ता खनाल | ६००० | १०००० | १६००० | |
| | ४१ | सदश्य श्री दिलमाया विश्वकर्मा | ६००० | १०००० | १६००० | |
| | ४२ | सदश्य श्री चन्द्र प्रकाश श्रेष्ठ | ६००० | १०००० | १६००० | |
| | ४३ | सदश्य श्री हरि बहादुर खत्री | ६००० | १०००० | १६००० | |
| | ४४ | सदश्य श्री अनिता कुंवर रोकाया | ६००० | १०००० | १६००० | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | ४५ | सदश्य श्री गोपीकृष्ण पाठक | ६००० | १०००० | १६००० | |
| | ४६ | सदश्य श्री सानुराजा बस्नेत | ६००० | १०००० | १६००० | |
| | ४७ | सदश्य श्री निशा पाण्डे | ६००० | १०००० | १६००० | |
| | ४८ | सदश्य श्री सुनिता गजमेर बि क | ६००० | १०००० | १६००० | |
| | ४९ | सदश्य श्री चन्द्रवती न्यौपाने | ६००० | १०००० | १६००० | |
| | ५० | सदश्य श्री बिन्दा घटानी | ६००० | १०००० | १६००० | |
| | ५१ | सदश्य श्री नविन महर्जन | ६००० | १०००० | १६००० | |
| | ५२ | सदश्य श्री रामभक्त घिमिरे | ६००० | १०००० | १६००० | |
| | ५३ | सदश्य श्री लिलादेवी अधिकारी | ६००० | १०००० | १६००० | |
| | ५४ | सदश्य श्री सूर्यकुमारी नेपाली | ६००० | १०००० | १६००० | |
| | ५५ | सदश्य श्री जगत लाल शाही | ६००० | १०००० | १६००० | |
| | ५६ | सदश्य श्री रिदेश लाल सिं महर्जन | ६००० | १०००० | १६००० | |
| | ५७ | सदश्य श्री तारा कंडेल | ६००० | १०००० | १६००० | |
| | ५८ | सदश्य श्री फूलमायाँ विश्वकर्मा | ६००० | १०००० | १६००० | |
| | ५९ | सदश्य श्री मनोज भण्डारी | ६००० | १०००० | १६००० | |
| | ६० | सदश्य श्री महेश थपलिया | ६००० | १०००० | १६००० | |
| | | जम्मा | ६१८००० | ६००००० | १२१८००० | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १५. | **स्वकीय सचिव र सल्लाहकार** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव, सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगरपालिकाले कानुनमा नतोकिएको २ कानुनी सल्लाहकार र २ स्वकिय सचिव करारमा नियुक्त गरी रु १३ लाख ११ हजार ८६० भुक्तानी भएको छ । | |

| सि.नं | पद/नाम | मासिक तलव | दशै खर्च र लुगा भत्ता | जम्मा रकम |
|---|---|---|---|---|
| १ | कानुनी सल्लाहकार श्री दुर्गा प्रसाद अर्याल | २५००० | - | ३००००० |
| २ | कानुनी सल्लाहकार श्री सत्य नारायण डंगोल | २५००० | - | ३००००० |
| ३ | स्वकिय सचिव श्री जगदीश अधिकारी | २६६१० | ३६६१० | ३५५९३० |
| ४ | स्वकिय सचिव श्री विजय डंगोल | २२६१० | ३६६१० | ३५५९३० |
| | जम्मा | | | १३११८६० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १६. | **बैठक भत्ताः** स्थानिय तहका पदाधिकारी तथा सदश्यको सुविधा सम्वन्धि ऐन, २०७६ अनुसार न्यायिक समितिको बैठकमा उपस्थित सदश्यले अनुसूचि १ग बमोजिमको बैठक भत्ता पाउने उल्लेख छ । उक्त अनुसूचि १ग मा तोकिएको बैठक भत्ता न्यायिक समितिको संयोजक सहित ३ जना बाहेक अरु कर्मचारी ले पाउने व्यवस्था कानुनले गरेको छैन । नगरपालिकाले यो वर्ष विभिन्न मितिका १४ वटा न्यायिक समितिको बैठकको माइन्यूट संलग्न गरी भौचर नं ९१८ मिति २०७७।३।११ र ११३१ मिति २०७७।३।३१ बाट बैठक भत्ता भुक्तानी गरेकोमा देहायका कर्मचारीहरुलाई समेत न्यायिक समितिको बैठकमा काम गरेको भनि प्रति बैठक रु १०००।- का दरले बैठक भत्ता भुक्तानी गरेको छ।कर्मचारीले न्यायिक समितिको बैठक भत्ता | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पाउने कानुनमा व्यवस्था देखिएन । न्यायीक प्रकृयामा संलग्न कर्मचारीहरुलाई बैठक भत्ता बितरण गरिएको नगर प्रमुखबाट जानकारी प्राप्त भएको छ । बैठक भत्तामा नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं</th><th>कर्मचारीको नाम</th><th>बैठक संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कानुनी सल्लाहकार श्री दुर्गा प्रसाद अर्याल</td><td>१४</td><td>१४०००</td></tr>
<tr><td>२</td><td>कानुनी सल्लाहकार श्री सत्य नारायण डंगोल</td><td>१४</td><td>१४०००</td></tr>
<tr><td>३</td><td>कानुनी सहजकर्ता श्री सजिना लिम्वु</td><td>१४</td><td>१४०००</td></tr>
<tr><td>४</td><td>कम्प्युटर अपरेटर श्री प्रकाश डंगोल</td><td>१४</td><td>१४०००</td></tr>
<tr><td>५</td><td>सहायक स्तर चौथो श्री बिजय डंगोल</td><td>१४</td><td>१४०००</td></tr>
<tr><td>६</td><td>का. स श्री कृष्ण खत्री</td><td>११</td><td>११०००</td></tr>
<tr><td>७</td><td>का.स श्री प्रबेश लामिछाने</td><td>५</td><td>५०००</td></tr>
<tr><td>८</td><td>का. स श्री समिता थापामगर</td><td>१</td><td>१०००</td></tr>
<tr><td>९</td><td>का. स श्री जानुका शर्मा</td><td>१</td><td>१०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८८०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७.</td><td>पदाधिकारी अन्य सुविधा - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएको भन्दा बढी हुने गरी पदाधिकारी सुविधा दिन मिल्ने देखिंदैन । तर पालिकाले नगर सभाबाट निर्णय गराई न्यायिक समितिका २ जना सदश्यलाई मासिक रु १५०००।०० र नगर प्रवक्तालाई मासिक रु १००००।०० का दरले अतिथि सत्कार,इन्धन, सुचना संचार तथा यातायात खर्च बापत फाल्गुण देखि असार सम्म थप रु २ लाख भुक्तानी दिएको देखिएकोले ऐनमा उल्लेख भएको भन्दा बढी भुक्तानी गरेको रकम असूल गर्नु पर्दछ ।रु</td><td>२०००००।००</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>भौचर नं र मिति</th><th>पदाधिकारीको नाम</th><th>रकम</th></tr>
<tr><td>७३५,८४७,९७०</td><td>न्यायिक समिति सदश्य श्री चन्द्र प्रकाश श्रेष्ठ</td><td>७५०००</td></tr>
<tr><td></td><td>न्यायिक समिति सदश्य श्री गोपिकृष्ण पाठक</td><td>७५०००</td></tr>
<tr><td></td><td>प्रवक्ता श्री बच्चु बस्याल</td><td>५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८.</td><td>खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष नगरपालिकाले ११ वटै वडा कार्यालयलाई मासिक ३० हजारका दरले जम्मा रु ३९ लाख ६० हजार र नगरपालिकामा रु १५७८५१८। समेत जम्मा रु ५५३८५१८।०० विविधतर्फ मात्र खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>पत्रपत्रिकाः नगरपालिकाले यो बर्ष ७८ भन्दा बढी पत्रपत्रिकाबाट विभिन्न समयमा सन्देश मुलक सुचना प्रकाशित गरेको भनि नगरप्रमुखको तोक आदेशमा रु २०००।०० देखि ३००००।०० सम्म भुक्तानी गरी रु ५१२५००।०० खर्च लेखेको छ । सूचनामुलक सन्देश प्रसारण गर्दा मापदण्ड तयार गरी बढी प्रचलित पत्रपत्रिकामा प्रकाशित गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २०. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यो वर्ष नगरपालिकालेले देहायका संस्थालाई विभिन्न कार्यक्रम संचालन गरेको भनि सम्वन्धित संस्थाले आर्थिक सहयोग माग गरेको आधारमा नगर प्रमुखबाट तोकुवा निर्णय गरी विभिन्न २६ वटा संघ संस्थालाई रु २९ लाख २३ हजार आर्थिक सहयोग वितरण गरेको पाइयो । उक्त आर्थिक सहयोगबाट सम्पन्न कार्यक्रमको खर्च विवरण, बिल बिजक र प्रगति प्रतिवेदन पालिकामा पेश गरेको समेत नदेखिएकोले उपलव्धि मापन गर्न नसकिने यस्ता खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।बितरण गरिएका रकमको खर्चको प्रमाण सहित प्रतिबेदन पेश हुनु पर्दछ । | |

| गोश्वरा भौचर | संस्था/व्यक्ती | कार्यक्रम | सहयोग रकम |
|---|---|---|---|
| ७७-२०७६।६।६ | टोखा प्रगतिशिल युवा क्लव | नृत्य प्रतियोगिता | २०००० |
| ११७-०७६।६।१२ | एशोसिएशन अफ प्रि स्कुल एजुकेटर्स | कार्यक्रम संचालन | २५००० |
| १६०-०७६।६।१५ | श्री समाज खेलकुद विकास क्लव | खेलकुद आयोजना | ५०००० |
| १६३-०७६।६।१५ | हिन्दु स्वयम् सेवक संघ नेपाल | प्रशिक्षण कार्यक्रम | २५००० |
| २०६-०७६।७।५ | बुढानिलिकण्ठ राईडर्स क्लव | बृहत साईकल -यालि | ७५००० |
| २२७-०७६।७।७ | नेवार समाज संस्था | नवबर्ष शुभकामना | १३७११ |
| ३८१-०७६।९।१ | बसुन्धरा महिला समुह | चौमासा महात्म्य पुराण | २५००० |
| ४०४-०७६।९।९ | हेराल्ड इण्टरनेशनल कलेज | विद्यार्थी अध्ययन | २०००० |
| ४८६-०७६।१०।६ | श्रीकृष्ण धार्मिक संघ | चतुर्मासा पुराण | ३५००० |
| ५३७-०७६।१०।२३ | साहित्यकार खेलकुद समाज | व्याडमिण्टन प्रतियोगिता | ३०००० |
| ५३८-०७६।१०।२३ | सोफिना के.सी | कलेज शुल्क सहयोग | २०००० |
| ६१२-०७६।११।१५ | जन साहित्य समाज | साहित्य सम्मेलन | ८०००० |
| ६१५-०७६।११।१५ | कुशल न्यौपाने | कलेज शुल्क सहयोग | २०००० |
| ६३६-०७६।११।२० | इडन बृज एकेडेमी | बास्केट बल प्रतियोगिता | ५०००० |
| ६९७-०७६।१२।३ | टोखा फिटनेश एण्ड रिक्रिएशन प्रा.लि | व्याडमिण्टन प्रतियोगिता | ३५०००० |
| ७२२-०७६।१२।७ | राष्ट्रिय दोहोरी गित प्रतिष्ठान नेपाल | लोक दोहोरी महोत्सव | २०००० |
| ८००-०७७।२।१५ | न्हुःजः पुस्तकालय | युवा कविता प्रतियोगिता | ५००००० |
| ८३४-०७७।२।२७ | फ्रेण्डसिप ग्रुप अफ नेपाल | तेक्वान्दो प्रतियोगिता | ३००००० |
| ८३५-०७७।२।२७ | श्री चण्डेश्वरी माध्यामिक विद्यालय | अभिभाबक दिवस | ८०००० |
| ८५५-०७७।३।१ | वालप्रेमी खेलकुद मण्डल | सितेरियो प्रतियोगिता | ५००००० |
| ८८१-०७७।३।२ | ग्वंगबुँ नेवाः भिसा कव | योमरी पुन्हि कार्यक्रम | १००००० |
| ८८८-र०७७।३।३ | समयबजी व्यवस्थापन उ स | समयबजी कार्यक्रम | ५०००० |
| ९२५-०७७।३।१२ | ग्वंगःवु नेवाः भिसा कव | नेवारी भवन तालिम | १००००० |
| ९३१-०७७।३।१२ | किताव चरो नेपाल | वालगित तथा प्रकाशन | ३००००० |
| ९४०-०७७।३।१५ | नेपा युवा क्लव | सांस्कृतिक कार्यक्रम | १००००० |
| ९९६-०७७।३।२२ | धापासि भिन्तुना आयोजक समिति | न्हुदँया भिन्तुना कार्यक्रम | ३५००० |
| | संख्या २६ | | २९२३७११ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २०.१. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन ।नगरपालिकाले यो वर्ष ७२ जना व्यक्तिलाई औषधि उपचार र दैवि प्रकोप पिडितको लागि नगर प्रमुखको तोक आदेशमा रु २०००।०० देखि ५००००।०० सम्म र सडक दुर्घटनामा परेका २ जना लाई रु ५५००००।०० वितरण गरी जम्मा रु १२०९५१०।०० आर्थिक सहायता वितरण गरेको पाइयो ।आर्थिक सहायता वितरणको मापदण्ड तयार गरी यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २०.२. | श्री समाज भवनमा पानी , विजुली तथा सरसफाई लगायतका कार्यका लागि कार्यपालिकाको निर्णय अनुसार भौचर नं ७९३ मिति २०७७।२।१३ बाट रु २०००००। अनुदान निकाशा दिएकोमा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सो को विल भरपाई लगायतका खर्च विवरण र प्रगति प्रतिवेदन श्रेस्ता साथ संलग्न नरहेकोले उक्त प्रमाण कागजात पेश हुनुपर्दछ । रु | २०००००।०० |
| २०.३. | यस वर्ष नगरपालिकाले बाढी, पहिरो, आगलगी, कृषि वालि पिडित तथा चोरी तथा विभिन्न विपतीवाट पीडित भएका व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गरएको छ। यसका केहि उदाहणहरु निम्न छनः | |

| भौ नं मिती | सहयोग पाउने व्यक्ति | शिर्षक | सहयोग रकम |
|---|---|---|---|
| ११।०७६।६।१० | विभिन्न ९ जना | बाढी, पहिरो, आगलगी | ३३५००० |
| ७७।०७६।८।६ | श्री रिना बैध | आगलगी | ५०००० |
| १२६।०७६।९।१४ | श्री राजन राई | पसलमा आगलगी | ५०००० |
| १७२।०७६।१०।६ | विभिन्न ६ जना कृषक | अषिना | |
| २५६।०७६।११।२०, २४४।०७६।११।१५ | श्री गोपाल थापा मगर | आगलगी | ६५००० |
| ३१८।०७६।१२।५ | श्री कृष्ण प्रसाद दुलाल | भैसी चोरी | २०००० |
| | **जम्मा** | | **५२००००** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २१. | **शीर्षक फरक पारी खर्चः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७२(७) अनुसार कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने उल्लेख छ । यो वर्ष गोश्वरा भौचर नं ७४८ बाट नेपाल विद्युत प्राधिकरणलाई विद्युत महशुल बापत रु १ लाख भुक्तानी गर्दा संचार महशुलबाट खर्च लेखेको देखियो । सम्बन्धित शीर्षकबाट खर्च लेखु पर्दछ । | |
| १२६।०७७।३।२७ | समृद्धि एण्ड सम्पादा सप्लायर्स | औषधि खरिद | ३९५७२६ |
| १२७।०७७।३।२७ | शुभलक्ष्मी ट्रेडर्स | औषधिजन्य सामान | ४५७३५ |
| | **जम्मा** | | ४६४७२६४ |

| | | |
|---|---|---|
| | यस सम्वन्धी देखिएका व्यहोरा निम्न अनुसार छनः | |
| ४०.१. | खरिद गरेका उक्त औषधिको उत्पादक कम्पनी नखुलाएको तथा मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन । | |
| ४०.२. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएको देखिएन । | |
| ४०.३. | आपूर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ४०.४. | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको देखिएन । | |
| ४०.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| | **नगरपालिका शिक्षाः** | |
| ४१. | **शिक्षण सहयोग अनुदानः** नगरपालिकाले शिक्षण सहयोग अनुदान उपलब्ध गराउँदा विद्यालयबाट प्रस्ताव माग गरी सोहि आधारमा अनुदान निकाशा दिनुपर्दछ । यो बर्ष देहायका विद्यालयलाई माध्यामिक शिक्षकको तलव भत्ता भुक्तानी गर्न भौचर नं ८ मिति २०७६।८।२५ मा शिक्षण सहयोग अनुदान उपलब्ध गराएकोमा उक्त अनुदान रकमबाट ति विद्यालयहरुले शिक्षक नियुक्ति तथा तलव वितरण गरेको तलवी तलवी भर्पाइ पेश गर्नु पर्दछ । रु | १९०००००।०० |

| सि.नं | बिद्यालयको नाम | रकम |
|---|---|---|
| १ | चण्डेश्वरी माध्यामिक विद्यालय | ४००००० |
| २ | सरस्वती माध्यमिक विद्यालय | ४००००० |
| ३ | धापासी माध्यामिक विद्यालय | ४००००० |
| ४ | जालुपा माध्यामिक विद्यालय | ४००००० |
| ५ | चेतना महिला माध्यामिक विद्यालय | ३००००० |
| | जम्मा | १९००००० |

| | | |
|---|---|---|
| ४२. | **अधुरा आयोजना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष नगरपालिका र वडा तर्फका ९१६ योजना मध्धे १६४ योजनाको कार्य सम्पन्न हुन नसकि आ.व २०७७/७८ मा रु. १९ करोड ९० लाख ६३ हजार | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | क्रमागत योजनाको रुपमा जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । योजनाहरु सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |
| ४३. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरेको देखिएन। लक्षित वर्गलाई रोजगारी उपलब्ध नगराएको भएतापनि रोजगार संयोजकको तलव भत्ता र प्रशासनिक कार्यमा रु ४७७०००। खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ४४. | **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार निम्न व्यक्ति तथा संस्थाले लिएको पेश्की रु ५४४५४७७।०० आर्थिक वर्षको अन्तसम्ममा पनि फछ्र्यौट नभई बाँकी रहेको छ । उक्त पेश्की नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ । यो बर्ष विभिन्न निर्माण व्यवसायी तथा आपुर्तिकर्ताहरुलाई उपलव्ध गराएको रु ५४४५४७७।०० पेश्की मध्ये देहाय अनुसारका ३ निर्माण व्यवसायी तथा आपुर्ति कर्ताको रु ५९७६४१।०० पेश्कीको म्याद नाघेको देखिएकोले उक्त पेश्की नियमानुसार असूल फछ्यौंट हुनु पर्दछ । रु | ५९७६४१।०० |

| सि.नं | पेश्की लिनेको नाम | पेश्की विवरण | पेश्की रकम | | जम्मा |
|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको | |
| १ | साईवावा एण्ड तारा कन्स्ट्रक्सन | निर्माण पेश्की सामाखुसी टोखा सडक | ८६०००० | ० | ८६०००० |
| २ | साईवावा एण्ड तारा कन्स्ट्रक्सन | निर्माण पेश्की समपुरक कोष | ४००००० | ० | ४००००० |
| ३ | देव सिंह -अमित- विजय जे भी | कल्की मन्दिर पार्क निर्माण | ६७०००० | ० | ६७०००० |
| ४ | न्यू ककनी निर्माण सेवा | टोखा मुल सडक निर्माण | १३८२००० | ० | १३८२००० |
| ५ | यदुलक्ष्मी कन्स्ट्रक्सन प्रा ली | राधाकृष्ण मार्ग दुलारिगाउँ मोटर बाटो | ० | १२०००० | १२०००० |
| ६ | शान्ति कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रा ली | सडक बोर्ड का योजनाहरु | ० | २२०००० | २२०००० |
| ७ | टाइगर कन्स्ट्रक्सन प्रा लि | प्रदेश पूर्वाधार विकास साझेदारी योजना | ३१०००० | ० | ३१०००० |
| ८ | महालक्ष्मी फ्यूल सेन्टर | इन्धन पेश्की | ० | २५७६४१ | २५७६४१ |
| | | **जम्मा** | **३६२२०००** | **५९७६४१** | **४२१९६४१** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **शिक्षा तर्फः** | |
| ४४.१. | भौ नं मिति ७४।०७७।२।२५ बौडेश्वर मा वि का मा शि तृतिय उतम प्रसाद अधिकारी र गोविन्द प्रसाद दुलाल को चैत्र महिनाको १ ग्रेड छुट भएको भनि रु १३२० ले दुई जनाको रु २६४० भुक्तानी दिएकोमा चैत्रमा ग्रेड छुट भएको देखिएन । तसर्थ उक्त रकम असुल हुनु पर्दछ। रु | २६४०।०० |
| ४४.२. | भौ नं ५।०७६।।६।६ श्री जालपा मा वि गोंगबुको प्रथम त्रैमासिक निकासा गर्दा प्रा शि पार्बती प्याकुरेलको नाममा निकासा माग गर्नु पर्नेमा प्रा शि द्बितिय सुजता ढकालको नाममा निकासा माग गरेको देखिन्छ । सो बमोजिम अधारभुत तलब रु २६६१० हुनु पर्नेमा रु २८२०० निकासा भएको र ४ ग्रेड हुनु पर्नेमा ६ ग्रेड को रकम निकासा दिएको छ । तसर्थ तिन | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | महिनाको कर्मचारी संचय कोष समेत रु ३३१७३।८० ले रु ९९५२१।४० र चार्ड पर्वको रु ३०१५८।०० गरी १२९६७९।४० निकासा हुनु पर्नेमा रु १५२७१२।०० निकासा भएकोले रु २३०३२।६० बढी निकासा भएको छ । तसर्थ उक्त बढी निकासा भएको रकम असुल हुनु पर्दछ।रु | २३०३३।– |
| ४५. | **निशुल्क पाठ्यपुस्तकः** शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरवाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकालाप नं२.४.६.१ (३.१) मा विद्यार्थी संख्याको आधारमा दोश्रो चौमासिक भित्र विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थापनका लागी अनुदान दिनु पर्ने व्यवस्था छ। यसरी अनुदान दिदा पहिलो पटकमा विद्यार्थि संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र २०७७ बैशाखवाट सुरु हुने शैक्षिक शत्रको विधार्थि भर्नाको आधारमा पाठ्यपुस्तक खरिद र वितरण संख्या यकिन गरी नपुग हुने रकम मात्र थप अनुदानको व्यवस्था गर्ने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न ८ वटा विद्यालयहरुलाई पाठ्यपुस्तक वापत पहिलो ७५ प्रतिशत रु १९५६८४१।०० र दोश्रो २५ प्रतिशत रु ५७७७१७।०० गरी रु २५३४५५८।– अनुदान दिएकोमा विद्यालयहरुले पाठ्यपुस्तक खरिद तथा वितरणको विवरण पेश गरेको छैन। | |
| ४६. | **प्रारम्भिक वाल विकासः** भौ नं मिती ११०।०७७।३।२२ जालुपा मा वि ले मिती २०७६।२।२६ को पत्रवाट ई सी डी का लागी विद्यार्थि शिक्षकको अनुपात कम भई पठनपाठनमा समस्या भएकोले एक प्रारम्भिक वाल विकास शिक्षकको दरबन्दी थप गर्नको लागी सहयोग माग भएको देखिन्छ। सोहि पत्र अनुसार नगरपालिकाले दरबन्दी थप गरी रु ८८०००।– अनुदान निकासा दिएको छ। उक्त रकम नगरपालिकाको चालु शिर्षकवाट दिनु पर्नेमा सशर्तवाट दिएकोले नगरपालिका चालु तर्फ खर्च लेखी संघिय संचित कोष फिर्ता गर्नु पर्दछ। | ८८०००।– |
| ४७. | **अनुदान निकाशाः** यस वर्ष नगरपालिकाले देहायका विद्यालयहरुलाई पुस्तकालय स्थापना, आइसिटिको प्रयोग, विज्ञान प्रयोगशाला स्थापना तथा गणित विज्ञान र अंग्रेजि विषयका लागी क्रियाकलापमा आधारित सामाग्री किट्स अनुदान को लागि भौचर नं १०३ मिति २०७७।३।१६ बाट रु २१ लाख अनुदान निकाशा भएको छ । ति विद्यालयले खरिद ऐन नियमको पालना गरी सामाग्री खरिद गरी पुस्तकालय स्थापना आइसिटि प्रयोग र विज्ञान प्रयोगशाला स्थापना गरेको प्रमाण संलग्न नभएकोले नगरपालिकाबाट अनुदान निकाशा भएको रकमको अनुगमन गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ । रु | २१०००००।– |

| विद्यालयको नाम | शिषर्क | निकासा रकम |
|---|---|---|
| श्री जालुपा मा वि | विज्ञान प्रयोगशाला | ६५००००।– |
| श्री जालुपा मा वि | गणित अंग्रेजि र विज्ञान विषयका लागी क्रियाकलापमा आधारित सामाग्री किटस अनुदान | ५००००।– |
| श्री मनोहर मा वि | विद्यालयमा पुस्तकालय व्यवस्थापन तथा स्थापना | ६५००००।– |
| श्री मनोहर मा वि | गणित अंग्रेजि र विज्ञान विषयका लागी क्रियाकलापमा आधारित सामाग्री किटस अनुदान | ५००००।– |
| श्री चण्डेश्वरी मा वि | आई सी टी को प्रयोग | ६५००००।– |
| श्री चण्डेश्वरी मा वि | तोकिएको सूचङ्काकका आधारमा कार्य सम्पादन गर्ने विधालयलाई कार्य सम्पादनमा आधारीत अनुदान | ५००००।– |
| **जम्मा** | | २१०००००।– |

| | | |
|---|---|---|
| | **स्वास्थ्य तर्फः** | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४८. | **तलवी प्रतिवेदनः** निजामति सेवा ऐन २०४९ को दफा ७ ख२ अनुसार कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलवि खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले उक्त कार्य नगरी यस वर्ष तलवी खर्च लेखेको छ । यसरी तलवी प्रतिवेदन पारित नगरी तलब ग्रेड रकम भुक्तानी भएकोले तलब तथा ग्रेड रकम यकिन गर्न सकिएन। तसर्थ नियमानुसार तलवी प्रतिबेदन पास गरेरमात्र तलवी खर्च लेख्नुपर्दछ।साथै लेखापरीक्षणको क्रममा स्वास्थय तर्फका कर्मचारीहरुको स्वीकृत दरबन्दी संख्या माग गर्दा उपलब्ध हुन नसकेकोले दरबन्दी संख्या भिडान गर्न सकिएन। | |
| ४९. | **सेसन भत्ताः–**अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद ७.१.१५ मा सबै प्रकारका तालिम गोष्ठी सेमिनार कार्यशाला सञ्चालन तथा यातायात खर्चको मापदण्ड सम्बन्धि व्यवस्था गरेको छ । जस अनुसार सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था गरेको छ। नगरपालिकाले निम्न तालिम तथा कार्यक्रममा प्रशिक्षक भई भाग लिएका यस नगरपालिका तथा नगरपालिका बाहिरका निम्न कर्मचारीहरुलाई सेसन भत्ता भुक्तानी गर्दा संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम संचालन गर्दा संघीय सरकारको नर्म्स लागु गर्नु पर्नेमा सो नगरी नगरपालिकाले नगर सभावाट आफ्नै नर्म्स पारित गरी लागु गरेको छ । जसले गर्दा नगरपालिकामाथि निम्न बमोजिम थप व्ययभार परेको छ।रु | १६११००।– |

| भौ नं मिति | कार्यक्रम | कर्मचारीको नाम थर | स्रोत।सेसन संख्या | दिनु पर्ने दर | दिएको दर | बढी रकम |
|---|---|---|---|---|---|---|
| ५३।०७६।१२।२ | परिवार नियोजन | श्री ज्ञानु भणडारी | आन्तरिक।१ | ० | ७०० | ७०० |
| | | श्री कोष विलाष वागाले | आन्तरिक।४ | ० | २००० | ८००० |
| | | श्री बसन्त गैरे | आन्तरिक।४ | ० | २००० | ८००० |
| | | श्री रनलाल कुलाल | आन्तरिक।४ | ० | २००० | ८००० |
| | | श्री सुर्यलाल श्रेष्ठ | आन्तरिक।१ | ० | ७०० | ७०० |
| | | श्री अनिता बुढा | आन्तरिक।१ | ० | ७०० | ७०० |
| | | श्री झुमा मैनाली | आन्तरिक।४ | ० | २००० | ८००० |
| | | श्री विन्दु शर्मा | आन्तरिक।१ | ० | ७०० | ७०० |
| | | श्री नानी मैया लामा | आन्तरिक।१ | ० | ७०० | ७०० |
| | | श्री वविता लोहनी | आन्तरिक।१ | ० | ७०० | ७०० |
| ६०।०७७।१।५ | कोरोना सम्बन्धि अभिमुखिकरण | श्री प्रदिप पौडेल | आन्तरिक।१ | ० | १५०० | १५०० |
| | | श्री डा सुमन आचार्य | आन्तरिक।१ | ० | २००० | २००० |
| | | श्री रनलाल कुलाल | आन्तरिक।१ | ० | २००० | २००० |
| | | श्री झुमा मैनाली | आन्तरिक।१ | ० | २००० | २००० |
| ७५।०७७।२।२८ | राष्ट्रिय तालिम योजना तर्जुमा | श्री ज्ञान माया डंगोल | आन्तरिक।१ | ० | २००० | २००० |
| | | श्री झुमा मैनाली | आन्तरिक।५ | ० | २००० | १०००० |
| | | श्री कोष विलाष वागाले | आन्तरिक।५ | ० | २००० | १०००० |
| | | श्री बसन्त गैरे | आन्तरिक।५ | ० | २००० | १०००० |
| | | श्री रनलाल कुलाल | आन्तरिक।४ | ० | २००० | ८००० |
| | | श्री प्रदिप पौडेल | आन्तरिक।३ | ० | १५०० | ४५०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | श्री ज्ञान बहादुर अधिकारी | आन्तरिक।१ | ० | २००० | २००० |
| ७७।०७७।२।२८ | न्यूनतम सेवा मापदण्ड | श्री झुमा मैनाली | आन्तरिक।५ | ० | २००० | १०००० |
| | | श्री कोष विलाष वागाले | आन्तरिक। | ० | २००० | ८००० |
| | | श्री बसन्त गैरे | आन्तरिक।४ | ० | २००० | ८००० |
| | | श्री रनलाल कुलाल | आन्तरिक।५ | ० | २००० | १०००० |
| ९१।०७७।३।७ | कृषी तर्फको माटो शिविर | श्री लक्ष्मी भण्डारी | बाहिरि।१ | ८०० | २५०० | १७०० |
| | | श्री मनोज थापा | बाहिरि।१ | ८०० | २५०० | १७०० |
| | | श्री सुमिन्त्रा पाठक | आन्तरिक।२ | ० | २००० | ४००० |
| | | श्री धन कुमारी कोराला | आन्तरिक।२ | ० | २००० | ४००० |
| ९२।०७७।३।८ | क्षयरोग कार्यक्रम | श्री रविन पोखरेल | आन्तरिक।१ | ० | २००० | २००० |
| | | श्री प्रदिप पौडेल | आन्तरिक।१ | ० | १५०० | १५०० |
| | | श्री ज्ञान बहादुर अधिकारी | आन्तरिक।१ | ० | २००० | २००० |
| | | श्री झुमा मैनाली | आन्तरिक।१ | ० | २००० | २००० |
| | | श्री कोष विलाष वागाले | आन्तरिक।१ | ० | २००० | २००० |
| | | श्री बसन्त गैरे | आन्तरिक।१ | ० | २००० | २००० |
| | | श्री रनलाल कुलाल | आन्तरिक।१ | ० | २००० | २००० |
| ११२।०७७।३।२३ | रोटा खोप | श्री झुमा मैनाली | आन्तरिक।१ | ० | २००० | २००० |
| | | श्री कोष विलाष वागाले | आन्तरिक।१ | ० | २००० | २००० |
| | | श्री प्रदिप पौडेल | आन्तरिक।१ | ० | २००० | २००० |
| | | श्री रनलाल कुलाल | आन्तरिक।१ | ० | २००० | २००० |
| | | श्री डा प्रभा कार्की | आन्तरिक।१ | ० | २००० | २००० |
| | | **जम्मा** | | | | **१६११००** |

५०. **सामाजिक सुरक्षाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर नगरपालिकाले बैंक मार्फत भत्ता वितरण गरे तापनि बैंकले पेश गरेको लाभग्राहीको भरपाईमा जन्म मिती नागरिकता नम्बर लगायतका विवरण उल्लेख नगरेको र एउटै नाम भएको लाभग्राहीको संख्या एक भन्दा बढी भएकोले ती लाभग्राही फरक अर्थात दोहरो परेको हुन् भनि यकिन गर्न सकिएन। लेखापरीक्षणको क्रममा बैंकमा निष्कृय खाता रहेको लाभग्राहीहरुको विवरण पटक पटक माग गर्दा पनि हाल सम्म उपलब्ध हुन सकेन। तसर्थ नगरपालिकाले निष्कृय लाभग्रहीहरुको विवरण याथाशिघ्र माग गरी त्यस्तो लाभग्राहि लाई निकासा भएको रकम यकिन गरि पेश गर्नु पर्दछ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५०.१. | वडा नं १,४,५,६ र ७ को सामाजिक सुरक्षा वितरणको जिम्मेवारी ग्लोबल आई एम ई बैंक बसुन्धारा शाखा र वडा नं २,३,८,९,१० र ११ सामाजिक सुरक्षा वितरणको जिम्मेवारी नेपाल इन्भेष्टमेन्ट बैंक गोंगबुले पाएकोमा तेस्रो चौमासिक किस्ता सम्म नेपाल इन्भेष्टमेन्ट बैंक गोंगबुले वितरण गरी बाँकी रहेको रु ८६२००।०० र ग्लोबल आई एम ई बैंक बसुन्धारा शाखाले रु २३२००।०० फिर्ता गरेको देखिन्छ। तर उक्त रकम संघीय संचित कोषमा दाखिला भएको प्रमाण पेश भएन। रु | १०९४००।०० |
| | **राजश्व आम्दानीतर्फ** | |
| ५१. | नगरपालिका तथा ११ वटा वडा कार्यालयले मालपोत र अन्य नगदी रसिद मार्फत गर्ने आन्तरिक आम्दानीको प्राप्ती र अभिलेखीकरण गर्ने कार्य स्वीकृत मलेप फाराम नम्बरहरु १०१, १०२, १०५, १०६, १०७, १०८, १०९ लगायतका अभिलेखहरु मार्फत राखेको देखिएन । कार्यालयले छपाई गरेको र वडा कार्यालयहरुमा हस्तान्त्रण गरिएको रसिद संख्या खुल्ने रसिद नियन्त्रण खाता राखेको छैन।कार्यालयले गर्ने सबै प्रकारको आम्दानी स्वीकृत लेखा ढाँचामा अभिलेख अद्यावधिक गर्ने नगरेबाट कुन रसिदबाट के कति आम्दानी भयो र उक्त आम्दानी मध्ये के कति आम्दानी बाधी कहिले दाखिला भयो सो सम्बन्धमा यकिन हुन सकिएन । जसले गर्दा आन्तरिक नियन्त्रणको व्यवस्था कमजोर रहने हुदाँ यसमा कार्यालयको ध्यान जान जरुरी छ । | |
| ५१.१. | नगरपालिका अन्तरगतका वडा नं ७ र ९ को नमुना छनौटको आधारमा नगदी रसिद परिक्षण गर्दा वडा कार्यालयहरुले नगरपालिका वाट बुझेका नगदि तथा मालपोत रसिद र गत विगतका बाँकी नगदि तथा मालपोत रसिदहरु प्रयोग गरेको देखियो। वडा कार्यालयहरुले रसिद ठेलीहरु प्रयोग गरी बाँकी रहेको रसिद ठेली नगरपालिकामा बुझाउनु पर्ने र सो रसिद ठेली नगरपालिकाले रसिद नियन्त्रण खातामा आम्दानी जनाउन पर्नेमा सो नगरी गत विगत वाटै बाँकी रहेको रसिद ठेली प्रयोग गर्दै आएको देखिन्छ । जसले गर्दा वडा कार्यालयहरुसंग के कती रसिद रहेको छ यकिन गर्न सकिएन। गत विगतका रसिदको केहि उदाहरणहरु निम्न छनः | |

| वडा कार्यालय | नगदि रसिद | मालपोत रसिद |
|---|---|---|
| नगरपालिका | ९१९०१ देखी ९२५०० (१२ थान) | |
| ७ | ८६७५१ देखी ८६८००<br>८६९५१ देखी ८७०००<br>८६९०१ देखी ८६९५०<br>८६८५१ देखी ८६९००<br>८६८०१ देखी ८६८५० | १८१५१ देखी १८२५० (२ थान) |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५१.२. | **ढिला दाखिला** - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ। नगरपालिका तथा अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले महिना भुक्तानी भए पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ। | |
| | **विपद् व्यवस्थापन** | |
| ५२. | **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ५२.१. | **कोभिड १९ खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमा भित्र रहि खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त बिबरण अनुसार कोभिड १९ नियन्त्रणमा निम्नानुसार रु २ करोड ७० लाख ३१ हजार ८७१ खर्च भएको छ । महामारी खर्चको सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छनः | |

| **खर्चको बिबरण** | **रकम** |
|---|---:|
| राहत वितरण | १३८७४७०५ |
| क्वारेन्टाईन निर्माण तथा व्यवस्थापन | ९०८२३९ |
| Disinfection | ७९४७५९ |
| जनशक्ति परिचालन | १७९९३७५ |
| औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | २८२४२०२ |
| जनचेतनामुलक कार्यक्रम | ३७१७६८ |
| जोखिम भत्ता | ५७०६५५१ |
| हात धुने केन्द्र स्थापना | ७२७३२२ |
| अन्य शिर्षकमा खर्च भएको | २४९५० |
| **जम्मा** | **२७०३१८७१** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५२.२. | पालिकाबाट प्राप्त बिबरण अनुसार २०७७ आषाढ मसान्त सम्ममा ६९६ जनाको पिसिआर परीक्षण गरीएकोमा कसैमा पनि कोरोना संक्रमणा नदेखिएको जनाएको छ। खर्च रकम र परीक्षण गरीएको संख्याको तुलना गर्दा प्रति व्यक्ति परीक्षण खर्च रु ३८८३८।०० पर्न गएको देखिन्छ ।खर्च भएको अवधिमा सून्य संक्रमित रहेको पालिकामा रु २ करोड ७० लाख भन्दा बढि खर्च गर्नु उचित देखिएन । महामारी नियन्त्रणमा खर्च गर्दा मितब्ययीता र पारदर्शिता अपनाउनु जरुरी देखिन्छ । | |
| ५२.३. | खर्च रकम मध्ये २१.११ प्रतिशत अर्थात रु ५७०६५५१।०० स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको जोखिम भत्ता तथा सुविधामा खर्च भएको छ। तर क्वारेन्टाईन निर्माण तथा व्यवस्थापनमा ३.३६ प्रतिशत मात्र खर्च भएको छ । सेवा सुविधा तथा भत्तामा मितव्ययिता कायम गरी संक्रमित तथा बिरामिहरुको उपचार तथा सेवा प्रवाहमा अधिकतम खर्च गर्नु पर्दछ । बितरण गरिएको भत्ता रकम मध्ये रु १८०१६८७।०० प्रशासनिक कर्मचारीहरु ७४ जनालाई बितरण गरेको देखिन्छ । कोभिड १९ नियन्त्रणमा प्रतक्ष्य खटिने स्वास्थ्य कर्मिबाहेक प्रशासनिक कर्मचारीहरुलाई भत्ता बितरण गर्न मिल्ने देखिएन। स्वास्थ्यकर्मीहरुलाई सेवा प्रवाहमा प्रतक्ष्य सहयोग गर्ने प्रशासनिक कर्मचारीहरुलाई भत्ता बितरण गरिएको नगर प्रमुखबाट जानकारी प्राप्त भएको छ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५२.४. | कोभिड १९ को कारण बन्दा बन्दी भई दैनिक ज्याला मजदुरीबाट जीवन निर्वाह गर्ने श्रमिक बर्गलाई बितरण गर्न वडा कार्यालयहरुले चामल, दाल, तेल, नुन, तरकारी, च्यूरा लगायतका राहत सामाग्री (खाद्यान्न ) खरिदमा रु १३८७४७०५।०० खर्च भएको छ । राहत सामग्रीहरु प्रतिस्पर्धा बेगर सोझै खरीद गरीएको छ । खरीद गरिएको राहत सामग्रीहरु असहाय, अति विपन्न तथा दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिको विवरण लिइ तोकेको मापदण्ड अनुसार बितरण गरिएको भनिएता पनि वडा कार्यालयहरुले राहत बितरण गरेको भरपाई परीक्षण गर्दा बितरण भरपाईमा राहत सामाग्रीको परिमाण र मूल्य समेत नखुलेको तथा व्यक्तिगत तथा संघ संस्थाले राहत सहयोग उपलब्ध गराएकोमा सो को अभिलेख राखि वितरण गरेको समेत नदेखिएकोले मापदण्ड अनुसारनै बितरण भएको छ भनि आश्वस्त हुन सकिएन । | |
| ५२.५. | कोभिड महामारीको संक्रमणवाट बच्न मास्क, स्यानिटाइजर, ग्लोवस् लगायतका सामाग्री खरिद गरी रु २८२४२०२।०० खर्च भएको छ ।खरीद भएका स्वास्थ्य सामग्री तथा राहत सामग्रीहरु प्रतिस्पर्धा बेगर सोझै खरीद गरीएको छ । उदाहरणको लागि पिपिई १५ गोटा प्रतिगोटा ६२१५ को दरले तथा ईन्फारेड थर्मामिटर १५ गोटा प्रतिगोटा रु ६५०० को दरले खरीद गरेको देखिन्छ । | |
| ५२.६. | बिदेशबाट आएकाको खोजि गर्न जनशक्ती परीचालनमा रु १७९९३७५।०० खर्च गरेको छ । खोजि कार्यमा कति जनशक्ति परिचालन गरिएको हो खुलाएको छैन । यस्तो जनशक्ति नियुक्ती गर्ने आधार र तिनिहरुको प्रयत्नले संक्रमित फेला परेको प्रमाण पेश गर्नु पर्दछ ।बिदेशबाट आउनेले अनिबार्यरुपमा १४ दिन क्वारेन्टिनमा बस्नुपर्ने व्यवस्था नेपाल सरकारले लागु गरेकोले प्रबेश बिन्दु देखिनै निजहरुमाथि निगरानी हुने संयन्त्र रहेको अवस्थामा यस किसिमको खर्च गर्नु उचित देखिएन । अन्य खर्चहरु नियन्त्रण गरी संक्रमितको उपचारमा श्रोतसाधनलाई केन्द्रित गरिनु पर्दछ । | |
| ५२.७. | **वार्षिक प्रतिवेदन** — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५३. | **नन्फाइलर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मनोहर तिर्थघाट पुल निर्माण कार्य गरेवापत एएनएस, केएम, जेबिएनएस जे भी (६१०७७१५१४) सग २०७६।२।३० मा सम्झौता गरेको देखिन्छ ।उक्त कार्यको शुरु सम्झौता रकम रु ३३०५८९९५।४४ रहेकोमा रु १५४३३७७।२४ भेरिएसनबाट थप गरी रु ३४६०२२७६।४४ कायम गरेको छ ।पालिकाले निर्माण व्यवसायीलाई पाँचौ रनिङबिल सम्ममा रु ३१९३३०२३।०० भुक्तानी भएको छ । उक्त निर्माण व्यवसायीले आय बर्ष २०७५।७६ र २०७६।७७ मा आय बिबरण नबुझाई ननफाईलर रहेको देखियो ।कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले आयकर तथा मुल्य अभिबृद्धिकर तर्फ कर समायोजन भएको प्रमाण पेश हुनु पर्दछ । निजकरदाताको नन्फाईलर अवधि २ आय बर्षको आयकर र मुल्य अभिबृद्धिकर सम्बन्धित आन्तरीक राजश्व कार्यालयको समन्वयमा यकिन गरी असूल गर्नु पर्दछ ।साथै २ बर्षसम्म पनि | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आयबिबरण नबुझाउने निर्माण व्यवसायिलाई भुक्तानि भएको रकमको बिश्वसनियता समेत छानविन गरी बाँकि निर्माण कार्यको भुक्तानी गर्दा आयकर र मुल्य अभिबृद्धिकर बुझाएको प्रमाण माग गरेर मात्र रकम भुक्तानी गर्नु पर्दछ । पाँचौ रनिङ बिल सम्ममा भुक्तानी भएको मुल्य अभिबृद्धिकर रु ३६७३७१०।०० मा कार्यालयले भुक्तानीका बखत कट्टि गरी दाखिला गरेको ५० प्रतिशत घटाई बाँकि ५० प्रतिशत रु १८३६८५५।०० मुल्य अभिबृद्धिकर ऐन नियम बमोजिम लाग्ने जरीवाना र व्याज समेत छानविन गरी असूल गर्नु पर्दछ ।रु | १८३६८५५।०० |
| ५४. | **भेरिएसनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरिएसन आदेश जारी गर्न सकिने व्यवस्था छ । पालिकाले मनोहर तिर्थघाट पुल निर्माण कार्यको भेरिएसन गर्न ईन्जिनियर पूजा सिंह शाहिको संयोजकत्वमा ३ सदस्यि समिति गठन गरेको देखियो । उक्त समितिले शुरु सम्झौतामा आईटम नम्बर १९ को स्टोन मसिनरी वर्कस् ५० क्यूबिक मिटर मात्र भएकोमा १५० क्यूबिक मिटर कार्य गर्नु पर्ने, अर्थ वर्कस् , आरसिसि विथ पिसिसि र स्टिल विथ मेन बार र डिस्ट्रिव्यूसन बारको कार्य लागत अनुमान भन्दा थप गर्नु पर्ने भनि प्रतिबेदन पेश गरेको छ । उक्त समितको प्रतिबेदनको आधारमा रु १५४३३७७।२४ थप भुक्तानी हुने गरी भेरिएसन गरीएको छ । प्रतिबेदनमा उल्लेख भएका कार्यहरु लागत अनुमानका बखत पूर्वानुमान गर्न नसकिने कार्यहरु भएको देखिएन । अर्थ वर्कस्, आरसिसि विथ पिसिसि , स्टोन मसिनरी तथा स्टिल कार्य जस्ता निर्माण कार्यका आधारभुत बिषयहरुलाई पूर्वानुमान गर्न नसकिने बिषय हुन भनि एकिन गर्ने कानुनी आधार पेश गर्नु पर्दछ । | |
| |   | |
| ५५. | **वौडेश्वर बालमैत्री पार्कः** निर्माण व्यवसायीले सम्झौता बमोजिम गुणस्तरीय रुपमा निर्माण कार्य गर्नु पर्दछ ।पालिकाले वौडेश्वर वालमैत्री पार्क निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री श्रृखला निर्माण सेवा प्रा लीसग २०७६।३।१८ मा सम्झौता भएको छ । उक्त पार्क निर्माण कार्यको सम्झौता रकम रु ३११३५४०८।०० रहेको छ । पालिकाले यस आर्थिक बर्ष भित्र तेस्रो रनिङबिल समेतबाट रु १७१६०७४७।०० भुक्तानी गरेको छ । भुक्तानी भएको रकम मध्ये आईटम नम्बर १५,१६ र १७ को फ्लोरीङ कार्य बापत रु १०६९३५०।०० र आईटम नम्बर १९ को मेटल कार्य बापत रु ६१०२००।०० भुक्तानी भएको छ।उक्त कार्यको स्थलगत निरिक्षण गर्दा फ्लोरीङ कार्य गुणस्तरिय नदेखिएको र स्टिलको रेलिङ राख्ने कार्य कमजोर रहेको तथा रेलिङको ग्याप धेरै भएकोले स साना बालबालिकाहरुको सूरक्षा संबेदनशिलतामा ध्यान नदिएको देखियो ।तसर्थ ति कार्यहरुमा पालिकाको प्राबिधिक शाखा प्रमुखलाई जिम्मेवार बनाई निर्माण कार्यको पुनरावलोकन गरेर मात्र बाँकि कार्यको रकम भुक्तानी गर्नु पर्दछ ।रु | १६७९५५०।०० |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>



</td><td></td></tr>
<tr><td>५६.</td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५७.</td><td>निर्माण व्यवसाय ईजाजतः यस पालिकाले ईजाजत नम्बर ५९ देखि ९५ सम्म ३७ वटा घ बर्गको निर्माण व्यवसाय ईजाजत पत्र प्रदान गरेको देखियो । ईजाजत पत्र प्रदान गर्दा भाईब्रेटर मेसिन, लेवल मेसिन, वाटर पम्प लगागतका औजारहरु र करचुक्ता प्रमाणपत्र लगायतका कागजातलाई आधार लिने गरेको देखियो । ईजाजत प्रासिको लागि निवेदन दिने सम्पुर्ण निर्माण व्यवसायीहरुको निवेदन दर्ता गरी समान मापदण्डको आधारमा प्रमाणपत्र प्रदान गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५८.</td><td>आन्तरिक लेखापरीक्षण - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समास भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरीक लेखापरीक्षकको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको स्वतन्त्र ढंगबाट आन्तरिक लेखापरीक्षण हुने बाताबरण तयार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।आन्तरीक लेखापरीक्षकले औल्याएका व्यहोराहरु अन्तिम लेखापरीक्षण गर्नुपूर्व सुधार गरीसक्नु पर्नेमा निम्न व्यहोराहरु सुधार गरेको देखिएन ।आन्तरीक लेखापरीक्षकले औल्याएका व्यहोराहरु तत्कालै सुधार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५९.</td><td>योजना कार्यान्वयन स्थितिः नगरपालिकाले २०७६।३।२४ को सभाबाट आ.व २०७६।७७ मा आन्तरीक श्रोत लगायत वित्तिय समानीकरण अनुदान समेतबाट विभिन्न ११ वडामा नगरस्तरीय एवं वडा स्तरीय योजना स्वीकृत गरेकोमा योजना कार्यान्वयनको स्थिति देहाय बमोजिम छ ।</td><td></td></tr>
</table>

| विवरण | स्वीकृत योजना संख्या | प्रथम चौमासिकमा सम्झौता संख्या | दोश्रो चौमासिकमा सम्झौता संख्या | तेश्रो चौमासिकमा सम्झौता संख्या | सम्पन्न भएका योजना संख्या |
|---|---|---|---|---|---|
| नगर स्तरीय | १५५ | ० | १८ | ३८ | ५६ |
| वडा स्तरीय | ४२८२ | ० | १७२ | १६७ | ३३९ |
| क्रमागत योजना | ९२ | ० | ८६ | ० | ८६ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६०. | **सम्पत्तिः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ मा सरकारी सम्पतिको हिनामिना नहुनेगरी लागत श्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पती जिम्मा लिने कर्मचारी र कार्यालय प्रमुखको हुने, नियम ५३(४) मा कार्यालयमा जिन्सी मालसामान सम्बन्धी अनियमित देखिएमा सम्बन्धित विभागीय प्रमुखले आवस्यक कारवाही गरी जिन्सी मालसामानको लगत राख्न, मर्मत सम्भार तथा संरक्षण गर्न लगाउनुपर्ने व्यवस्था छ। यस वर्ष नगरपालिकाले जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गरेको छैन । | |
| ६१. | **धरौटी तथा कोषहरुः** पालिकाले प्रासि तथा भुक्तानी गरेको धरौटी तथा संचालन गरेका कोषहरुबाट भएको प्रासि तथा भुक्तानी देहाय बमोजिम छ; | |

| कोष | धरौटी | कर्मचारी कल्याण कोष | विपद् व्यवस्थापनन कोष | जम्मा रु |
|---|---|---|---|---|
| सुरु मौज्दात | ४७२५४१०।०० | ४४५७०३८।०० | ०।०० | ९१८२४४८।०० |
| यो वर्ष थप | ४८९८००।०० | ३००००००।०० | ३३१५६३३७।०० | ३६६४६१३७।०० |
| जम्मा | ५२१५२१०।०० | ७४५७०३८।०० | ३३१५६३३७।०० | ४५८२८५८५।०० |
| यो वर्ष खर्च | १६१५८७२।०० | ०।०० | २०१७५६२।०० | ३६३३४३४।०० |
| बाँकी | ३५९९३३८।०० | ३११३८७७५।०० | ३११३८७७५।०० | ४२१९५१५१।०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६२. | **उपभोक्तालाई मु अ कर भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितीले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकान, बिल, भर्पाई र र खर्च प्रमाणीत गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितीले देहायबमोजिमको कामको प्राविधिक मुल्यांकान, बिल, भर्पाई र र खर्च प्रमाणीत गर्ने अन्य कागजात आफ्नो वैठकबाट अनुमोदन गराई न पा मा पेश भएको छ । मु अ कर सहीत रकम भुक्तानि दिने गरी प्राविधिक मुल्यांकान भएकोमा मुल्याङ्कनमा समावेश भएकोभन्दा मु अ कर बील कम भएकोले बढी भुक्तानी भएको मु अ कर असुल उपर गरी संचित कोष दाखिला गर्नुपर्ने रु----- | २१७०।९९ |

| बजेट उपशिर्षक | गो भौ नं/ मिती | उ स को नाम | कार्य | रनिङ बीलमा मु अ कर रकम | उ स ले पेश गरेको मु अ कर रकम | कट्टी गरीएको मु अ कर रकम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|
| पुजीगत | ४१७/077।०३ १२ | प्रकृतीनगर उ स | बाटो ढलान | ९७३३०।३३ | ९६४४९।२६ | ० | ८८१।०७ |
| पुजीगत | ६२९/०७७।०३।३० | दल्खु पाँच घुम्ती टोल बिकास उ स | ढल व्यवस्थापन | १४९७४।७७ | | १४३७७।६४ | ५९९।९२ |
| पुजीगत | ६१९/077।०३।३० | सभ्य समाज टोल बि सं | बाटो मर्मत | ४२३०३।५२ | ३७६३८।०० | ३९३७।०० | ७३०।०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६३. | **अग्रीम आयकरः** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार सार्वजनिक निकायले ठेक्का वा करार वापत पचास हजार वा सो भन्दा बढीको भुक्तानी दिंदा भुक्तानीको कुल रकमको १.५ प्रतिशतले कर कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष देहाय बमोजिमको कार्यको भुक्तानी दिंदा अग्रीम आयकर कम कट्टी गरी भुक्तानी गरेकोले बाँकी रकम असुल गरी संचितकोषमा दाखिला गर्नुपर्ने रु----- | १२४१।०० |

| बजेट उपशिर्षक | गो भौ नं/ मिती | उ स को नाम | कार्य | कट्टा हुनुपर्नु अग्रीम आयकर | कट्टी गरीएको कर | असुल गर्नुपर्ने रकम रु |
|---|---|---|---|---|---|---|
| पुंजीगत | ११०/०७६।०९।१६ | गोंगबु बाटो निर्माण समीती | ढल निर्माण | ४५०२।०० | ३२६१।०० | १२४१।०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६४. | **दर रेट फरकः** सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले कुनै कार्य गराउदा लागत अनुमानमा स्वीकृत दररेट र अन्तिम मुल्यांकन प्रतिवेदनको दररेट फरक पार्न नहुने व्यवस्था छ । कार्यालयले देहायको कार्य गराउँदा स्वीकृत दररेट भन्दा अन्तिम मुल्यंकनको रेट बढी गराई item संख्या कम गरी मुल्य समायोजन गरेर भुक्तानी गरेको भनि आन्तरीक लेखापरीक्षकले औल्याएको देखिन्छ। उक्त रकम असूल गर्नु पर्दछ ।यस किसिमका स साना व्यहोराहरु तत्काल फछ्र्यौट गर्न लेखा प्रमुख र आन्तरीक लेखापरीक्षकले ध्यान दिनु पर्ने देखियो । रु | ५५४८।४२ |

| **गो भौ नं/ मिति** | **निर्माण व्यवसायी/ उ स को नाम** | **कार्य** | item no | **परीमाण** | **लागत अनुमान दर** | **प्राविधिक मुल्यांन दर** | **फरक दर** | **बढि भुक्तानी** |
|---|---|---|---|---|---|---|---|---|
| २३८/०७६ ।११।१२ | प्रगतिनगर ढल तथा ब्लक उपभोक्ता समिती | ढल निर्माण | सि नं ५ rounded manhole cover with square | १ | १३१२०।०० | रु १३४८४।०० | ३६४।०० | ३६४।०० |
| ५६२/०७७ ।०३।२६ | वर्शना कन्स्ट्रक्सन | मर्मत | १ | ५५.७८ | १२९४।७० | १३००।०० | ५।३० | २९६।०० |
| | | | ३ | १६२.० | १८५।८१ | १९०।०० | ४।१९ | ६७८।७८ |
| | | | ६ | १ | ८३४८।०० | १००००।०० | १६५२।०० | १६५२।०० |
| | | | ८ | १४।१० | १८२८।५० | २००० | १७१।५० | २४१८।१५ |
| ५७९/०७७ ।०३।२८ | युनिक कन्स्ट्रक्सन | पाटी निर्माण | १० | ३.०८ | ८१२९।७१ | ८१७५।०० | ४५।२९ | १३९।४९ |
| | **जम्मा** | | | | | | | **५५४८।४२** |

| | | |
|---|---|---|
| ६५. | **स्थाई लेखा नम्बर नभएकोः** सार्वजनिक खरीद नियमावली,२०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले खरीद कार्य गर्दा मू. अ कर दर्ता प्रमाणपत्र प्राप्त फर्म, कम्पनीबाट खरीद गर्नुपर्ने व्यवस्था छ। कार्यलयले देहायको उपभोक्ता समितीलाई मू. अ करमा दर्ता नभएको फर्मको बीलको आधारमा (pan no सच्याएर)भुक्तानी दिएकोले अनियमित देखियो ।रु ....... | ३७८७०।०० |

| **बजेट उपशिर्षक** | **गो भौ नं/ मिति** | **उ स को नाम** | **कार्य** | **फर्मको नाम** | **रकम** |
|---|---|---|---|---|---|
| पुँजिगत | ५५७/077।०३।२६ | शाहीराम मार्ग गौरीटोल बाटो मर्मत उ.स | बाटो मर्मत | निखिलेश्वर सप्लायर्स (बील नं ०९८) | २८१२०।०० |
| पुँजिगत | ५९४/077।०३।२९ | आदर्श टोल विकास संस्था | ब्लक बिछ्युउने | निखिलेश्वर सप्लायर्स (बील नं ०९९) | ९७५०।०० |
| | | | | **जम्मा** | **३७८७०।००** |

| | | |
|---|---|---|
| ६६. | **दरभाउपत्र नलिई खरीदः** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५(४) बमोजिम सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरीद गर्दा मौजुदा सुचिमा भएका कम्तिमा ३ वटा आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखीत रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरीद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहायको गो भौ र मितीमा नियमावलीको व्यवस्था बमोजिम दरभाउपत्र नलिई खरीद गरेको देखियो । | |

| **गो भौ नं/मिती** | **भुक्तानी पाउने** | **भुक्तानी रकम** | **कार्य** |
|---|---|---|---|
| १२३/076।०६।१३ | टोखा फिटनेस सेन्टर | ४९३२४५।०० | हस्तकला प्रदर्शनी कार्यक्रममा खाजा खर्च |
| ४७७/०७६।१०।०१ | पञ्चेवाजा संरक्षण महिला स. | १४३५१०।०० | पञ्चेवाजा खरीद |
| ६५१/०७६।११।२१ | तारानाथ रेग्मी | २०००००।०० | जेष्ठ नागरीक तथा एकल महिला सम्मान |
| ६६२/०७६।११।२७ | सरीता तिवारी प्याकुरेल | ३५००००।०० | जेष्ठ नागरीक सम्मान कार्यक्रम |
| ६७१/०७६।११।२९ | राजन सेढाई | ४३६६३२।०० | डस्टविन वितरण |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६७. | **कार्यक्रम भन्दा अघिको वीलः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ नं ३७८, मिति ०७६।०८।२६ बाट विभिन्न वैठक तथा कार्यक्रमको खाजा वापत श्री कुवेर ढुङ्गानालाई रु १५३१०।०० सोधभर्ना भुक्तानी गरेकोमा सोसँग संलग्न वैठकको माईन्युटको मिती २०७६।०८।१३, २०७६।०८।१४ र २०७६।०८।१५ रहेको छ । पेश भएको गामबेसी थकाली किचन एण्ड तन्दुरी स्टेसनको वील नं ०१६ मिती ०७६।८।१२ को वील संलग्न गरी रु ४३००।००, नं ०९० मिती ०७६।०८।११ को वील संलग्न गरी रु ४५९५।०० र नं ०६९ मिती ०७६।०७।२७ को वील संलग्न गरी रु २११५।०० खर्च लेखिएको छ। यसरी कार्यक्रम भन्दा अगाडीको खाजाको वील संलग्न गरी लेखेको खर्च अनियमित देखियो । रु | १५३१०।०० |
| ६८. | **वीलमा मिती सच्च्याएकोः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ नं ९०४,मिती २०७७।०३।०७ मा वडा नं ११ को पौष महिनाको कार्यालय संचालन वापतको रकम वडा सचिव सानु श्रेष्ठलाई रु ३३४३०।०० खर्च लेखिएकोमा सो सँग सम्वन्धित Nova Brew& Restro को वील नं ४६५ र ४६४ क्रमशः रकम रु११०।०र रु२००।००, न्यू रिचमण्ड स्वीट्सको वील नं ७८६, रु१२००।००, आचार्य किराना स्टोर वील नं ७१०, रकम रु४३०।००र Sunrise Kitchen को वील नं ०२४ रकम रु९७५।०० मा मिती सच्याएको पाईएकोले उक्त रकम असूल गर्नु पर्दछ । रु....... | २८८५।०० |
| ६८.१. | गो भौ नं ९१० मिती ०७७।०३।०९ मा वडा नं २ को जेष्ठ महिनाको कार्यालय संचालन वापतको रकम कार्यालय सहायक पार्वती श्रेष्ठलाई रु ४८५५२।०० भुक्तानी गरीएकोमा शेर्पा आयल स्टोर प्रा लि को (वील नं ४४६) रु३०००।००मा र वी एल स्टोरको (वील नं ६६५२) रु ८८४।९८ मा मिती सच्याएको साथै Newari foodland and Cafe को bill no 019 रु२१६०।०० र Tokha Tiffin and Restro Center को वील नं १७९ रु १०३५०।०० मा मिती उल्लेख नगरेकोले खर्च असूल गर्नु पर्ने देखिएको रु........ | १६३९४।९८ |
| ६९. | **कर कट्टीः** भौ नं ११३५ मिती ०७७।०३।३१,मा दिनेश सापकोटाको पे फ गरेकोमा गाडी भाडा वापतको रकम रु ७५०००।०० मा चालकलाई १०% कट्टी गरि रु ६७५००।०० भुक्तानी दिइएको छ। कार्यालयबाट निजले रु ७५०००।०० नै भुक्तानी लिएको तर कर दाखिला गरेको प्रमाण नभएकोले कर वापत लाग्ने रकम असुल उपर गर्नुपर्ने रु... | २५००।०० |
| ७०. | **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा संपरीक्षणको लागि पेश भएको छैन । | |
| ७१. | **संचितकोष र बेरुजुको स्थिति** : स्थानीय संचितकोषको विवरण, बेरुजु वर्गीकरण ( विनियोजन, राज्स्व, धरौटी र अन्यकारोबार) र अद्यावधिक बेरुजु स्थिति क्रमशः अनुसूची १ , अनुसूची २ र अनुसूची ३ मा समावेश छ । | |

## टोखा नगरपालिकाको संचित कोषको विवरण

### आ.व. ०७६।०७७

अनुसूची १

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | लेखापरीक्षण रकम | बेरुजु रकम | आयतर्फ | | | | | | व्यय तर्फ | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँड | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| काठमाण्डौ | टोखा नगरपालिका | १९८७८०१ | ८४९७५ | ४२३१०६ | ४०४२५८ | ४५६६८९ | ७५५०१ | १८७८४४ | ११२४२९२ | ३०३४७१ | ४०६०५६ | १५३९८२ | ८६३५०९ | ६८३८८९ |

### बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसूची २

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| काठमाण्डौ | टोखा नगरपालिका | ६४ | ४७ | ११२३९० | १ | १० | २७४१५ | ६३ | ३७ | ८४९७५ | ६८९० | ४९१९७ | २८२९० | ० | ० | ७७४८७ | ० | ५९८ | ५९८ |

अनुसूची ३

### अद्यावधिक बेरुजु स्थिति

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | गत वर्षसम्मको बाँकी बेरुजु | समायोजन | सं.पको लागि अनुरोध भइ आएको रकम | सं.प.भएको रकम | सम्परीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी बेरुजु रकम | यो वर्ष थप रकम | कुल बाँकी बेरुजु | बाँकी बेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| काठमाण्डौ | टोखा नगरपालिका | ९११७४ | ० | ० | ० | ० | ० | ९११७४ | ८४९७५ | १७६१४९ | १०५४२ |